बैठक संख्याः

मितिः २०७६/१२/१८ गते

र प्रमुख श्री महेश खरेल ज्युको अध्यक्षतामा बसेको कोरोना भाईरस नियन्त्रण तथा रोकथाम सम्वन्धि नगरस्तरिय समितिको बैठकका निर्णयहरु

1. नेपाल बैक पाँचखाल शाखामा रहेको पाँचखाल नगरपालिका प्रकोप व्यवस्थापन खाता नं. १२४०३००००००००५००४००१ मा यस नगरपालिका नगरस्तरिय अकस्मिक कोष वाट रु १०,००,०००।—( दश लाख) रकम जम्मा गर्ने निर्णय गरियो ।
2. पाँचखाल नगरपालिकाका सम्पुर्ण वडा भित्र रहेका अति विपन्न परिवार र लकडाउनका कारण दैनिक जिवनयापन गर्न कठिनाई भई रहेका संख्या सहितको पारिवारिक विवरण संकलन गरि वडास्तरिय विपत व्यवस्थापन समितिवाट पारित गरि २०७६/१२/२५ गते भित्र यस नगरपालिका कार्यालयमा उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।
3. एकद्वार प्रणाली वाट राहत तथा सहयोग उपलब्ध गराउनु पर्ने नेपाल सरकारको निती अनुरुप कोरोना भाईरस नियन्त्रण तथा रोकथाम र विपतमा रहेका परिवारहरुलाई सहयोग गर्नको लागी स्थापित नेपाल बैक पाँचखाल शाखामा रहेको पाँचखाल नगरपालिका प्रकोप व्यवस्थापन खाता नं. १२४०३००००००००५००४००१ मा स्वैच्छिक रुपमा रकम सहयोगको लागी विभिन्न सार्वजनिक निकाय, वित्तिय संघ/सहकारी संस्था,वुद्धिजीवि,समाजसेबी, उद्योगी,व्यवसायिहरुलाई अपिल गर्ने निर्णय गरियो।
4. कोरोना भाईरस रोकथाम एवं नियन्त्रणका लागि यस नगरपालिकावाट परिचालित/खटिएका सुरक्षाकर्मी,स्वास्थ्यकर्मी र कर्मचारीहरुलाई नेपाल सरकारले तोके अनुसार खाजा,खाना समेतको सुविधा नगरस्तरिय विपत व्यवस्थापन कोष वाट खर्च गर्ने निर्णय गरियो ।
5. कोरोना भाईरस विरुद्ध यस नगरपालिकावाट परिचालित/खटिएका निजामति तथा करारमा कार्यरत कर्मचारीहरुको यस रोगका कारण मृत्यु भएमा निजको परिवारलाई नगरको आन्तरिक कोषवाट रु १५,००,०००।— (पन्ध्र लाख ) उपलब्ध गराउने निर्णयका लागी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने
6. निर्णय गरियो ।
7. विपत व्यवस्थापन कोषमा रकम जम्मा गर्ने तथा यस समितिलाई खाद्य सामाग्री वा जिन्सी सामान सहयोग गरि योगदान पर्याउनुहुने सहयोगीहरुको नामावली , प्राप्त सहयोग रकम र खर्चको यथार्थ पारदर्शि बिवरण साप्ताहिक रुपमा यस नगरपालिकाको Web Site र पत्रिकामा प्रकाशन गर्ने निर्णय गरियो ।
8. राहत वित्तरण सम्वन्धि मापदण्ड यस नगरपालिकाले तयार गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो।